उपकुलपतिको कार्यालय
योजना निर्देशनालय, कीर्तिपुर

# पाल्ही बहुमुखी क्याम्पस, परासी
# नवलपरासीको

(छैठौं संशोधन २०८१ सहित)

# विधान

२०५९

# पाल्ही बहुमुखी क्याम्पस परासी नवलपरासीको विधान
## २०५९

**१.प्रस्तावना:**

विश्वमा शान्तिको सन्देश फैलाउने गौतम बुद्धको अस्तुधातुको आठ भागको एक भाग सुरक्षित रहेको ऐतिहासिक स्थल रामग्रामको नामले स्थापित रामग्राम नगरपालिका वार्ड नं.४ जीतपुरमा अवस्थित पाल्ही बहुमुखी क्याम्पसको स्थापना वि.सं. २०४६ साल असोज २ गते भएको हो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी मानविकी संकाय अर्न्तगत प्रमाणपत्र तहको अध्ययन अध्यापन कार्य सुरु गरिएको यस क्याम्पसमा तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त गरी +2 अन्तर्गत वाणिज्य र शिक्षा विषयको समेत अध्यापन गरिसकिएको र हाल शिक्षाशास्त्र संकाय तर्फ चार बर्षे बी.एड.तथा व्यवस्थापन संकाय तर्फ चार बर्षे बी.बी.एस.को सम्बन्धन प्राप्त गरी कक्षाहरु संचालन भइरहेका छन् । **पाल्ही बहुमुखी क्याम्पस एउटा गैरनाफामुखी सामुदायिक क्याम्पस हो** । क्याम्पस संचालन प्रकियालाई सुव्यवस्थित र नियमसंगत बनाउन बि.सं.२०५९ सालमा पहिलो पटक तयार गरिएको विधानलाई कमश: २०६१ मा पहिलो पटक, २०६५ मा दोस्रो पटक, २०७१ मा तेस्रो पटक र बि.सं. २०७६ मा चौथो पटक २०७८ मा पाचौं पटक र २०८१ मा छैठौं पटक संशोधन र परिमार्जन* गरी लागु गरिएको छ ।

**परिच्छेद १**

**२. नाम र प्रारम्भ:–**

यस बिधानको नाम "पाल्ही बहुमुखी क्याम्पस परासी नवलपरासीको विधान" रहेकोछ । यो क्याम्पस समुदायमा आधारित एउटा पब्लिक सामुदायिक क्याम्पस हो । क्याम्पस सभाले अनुमोदन गरेको मिति देखि यो विधान लागु हुनेछ । *(२०७६ चौथो संशोधनद्वारा थप*

**२.१. क्याम्पस गैरनाफामुलक, स्वशासित र सामुदायिक संस्था रहने** (२०७६ चौथो संशोधनद्वारा थप)

क) पाल्ही बहुमुखी क्याम्पस एक गैरनाफामुलक, स्वशासित एवं संगठित संस्था रहनेछ ।

ख) क्याम्पसको सबै काम कार्यवाहीका लागि छुट्टै छाप हुनेछ ।

ग) क्याम्पसले व्यक्ति सरह चल अचल सम्पति खरिद वा प्राप्त गर्न र व्यवस्थित गर्न सक्नेछ ।

घ) क्याम्पसले व्यक्ति सरह उजुर गर्न र क्याम्पस उपर पनि उजुर लाग्न सक्नेछ ।

ङ) पाल्ही बहुमुखी क्याम्पस पब्लिक सामुदायिक क्याम्पसको रुपमा रहनेछ ।

**३. परिभाषा:–**

क) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा क्याम्पस भन्नाले पाल्ही बहुमुखी क्याम्पस परासी नवलपरासीलाई सम्झिनु पर्दछ ।

ख) संचालक समिति भन्नाले क्याम्पस संचालनका लागि गठित समितिलाई सम्झनु पर्दछ । यो विधान लागु हुनु भन्दा पहिलै गठन भएका संचालक समितिलाई पनि यही विधान अनुसार गठन भएको मानिने छ ।
समितिले गरेको निर्णय विधान सम्मत नदेखिएमा पुन: समितिमा राखी विधान सम्मत * निर्णय गर्नुपर्दछ ।
~~अन्यथा स्वत रद्द हुनेछ ।*~~

ग) ~~प्राध्यापक~~ भन्नाले क्याम्पसमा अध्यापनरत प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक सम्झनु पर्छ ।

घ) कर्मचारी भन्नाले क्याम्पसको प्रशासनिक कामको लागि नियुक्ति भएका सबै कर्मचारीलाई जनाउंदछ ।

ङ) क्याम्पस प्रमुख भन्नाले क्याम्पसको प्रमुख प्रशासनिक पदलाई * जनाउंदछ ।

च) पदाधिकारी तथा सदस्य भन्नाले क्याम्पसको संचालक समितिका अध्यक्ष तथा सदस्यलाई जनाउंदछ ।

छ) विद्यार्थी भन्नाले क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थीलाई जनाउंदछ । (२०७१ तेस्रो संशोधनद्वारा थप

ज. क्याम्पस सभा भन्नाले विधानमा व्यवस्था भए अनुसारको सभालाई जनाउंदछ

* छैठौं संशोधन २०८१ द्वारा थप

**४. क्याम्पस सभाः–** (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पसको वार्षिक नीति तथा कार्यक्रम पारित गर्न, बिधानलाई समयानुकुल आवश्यक्ता अनुसार अनुमोदन गर्न र संचालक समिति गठन गर्नका लागि सर्वोच्च निकायको रुपमा एक क्याम्पस सभा रहनेछ । क्याम्पस सभाको बैठक बर्षमा एक पटक अनिवार्य रुपमा बस्नेछ ।

**४.१ क्याम्पस सभाको गठन** : क्याम्पस सभामा देहायको व्यक्ति र पदाधिकारीहरु क्याम्पस सभाका सदस्य रहनेछन् :

(क) क्याम्पस संचालक समितिका अध्यक्ष अध्यक्ष

(ख) क्याम्पस संचालक समितिका निर्वाचित•तथा पदेन सदस्यहरु

(ग) क्याम्पस प्रमुख : सदस्य सचिव

(घ) सम्बन्धित संघीय र प्रदेश निर्वाचन क्षेत्रका सांसद पदेन सदस्य* ।

(ङ) क्याम्पस संचालक समितिका भुतपुर्व अध्यक्षहरु तथा पुर्व क्याम्पस प्रमुखहरु पदेन सदस्य*।

(च) क्याम्पस स्थापना गर्दाका* संस्थापक संचालक समितिका पदाधिकारी एवं सदस्यहरु ।

(छ) क्याम्पस रहेको वार्डको वडाअध्यक्ष तथा पाल्ही बहुमुखी क्याम्पस पुर्व विद्यार्थी संघको अध्यक्ष पदेन सदस्य*।

(ज) ५०,००० सम्म आर्थिक सहयोग गर्ने आजीवन सदस्य ।

(ट) १,००,००० वा सो भन्दा माथि आर्थिक सहयोग गर्ने संरक्षक सदस्य ।

(ठ) यस क्याम्पसमा रु.१०,०००। (दश हजार) सम्म सहयोग गर्ने क्याम्पस सभाका साधारण सदस्य ।

(ड) विद्यार्थी गुणस्तर सर्कलका संयोजक पदेन सदस्य*।

**४.२ क्याम्पस सभा कार्यविधि**

(क) क्याम्पस सभाको अध्यक्षता क्याम्पस संचालक समितिका अध्यक्षले गर्नेछ ,अध्यक्षको पद रित्त रहेको अवस्थामा उपाध्यक्षले सभाको अध्यक्षता गर्नेछ । संचालक समितिले तयार गरेको कार्यविधिको आधारमा क्याम्पस सभाको संचालन सदस्य सचिवले गर्नेछ ।

(ख) क्याम्पस सभा संचालन गर्ने प्रयोजनको लागि संचालक समितिका अध्यक्षको अनुमतिमा कम्तिमा १५ दिनको समय दिई सभा बोलाउन सक्नेछ।

(ग) क्याम्पस सभाको सदस्यता नविकरण :साधारण सदस्यको हकमा प्रत्येक ३ बर्षमा सदस्यता नबिकरण गर्नुपर्ने छ । नविकरण शुल्क रु १५००। तिर्नुपर्ने छ । हरेक क्याम्पस सभा सदस्यहरुले क्याम्पस सभाको निर्वाचन हुनुभन्दा ३० दिन अगावै आफ्नो सदस्यता नविकरण गरिसक्नु पर्नेछ , अन्यथा त्यस पटकको निर्वाचन कार्यक्रममा उमेदवारी दिन वा मतदान गर्न पाउने छैन। लगातार दोस्रो कार्यकालमा पनि नविकरण नगरेमा साधारण सदस्यता स्वत: खारेज हुनेछ।

~~४.३ पदावधि~~ (२०७६ चौथो संशोधनद्वारा थप)

~~क्याम्पस सभाको पदावधि ३ बर्षको हुनेछ ।~~ *

**४.४ क्याम्पस सभाका सदस्यहरुको योग्यता** (२०७८ पाचौं संशोधनद्वारा थप)

(क) सबै नेपाली नागरिक ।

(ख) मगज नबिग्रेको वा मानसिक सन्तुलन ठिक भएको* ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ब्यक्ति ।

(घ) क्याम्पससमा बांकी बक्यौता नभएको , सम्पत्ति हिनामिना नगरेको ,कालोसुचिमा नपरेका* व्यक्ति ।

ङ)यसै परिच्छेद को दफा ४.१को योग्यता पुगेको * तथा नियमानुसार सदस्यता नविकरण गरेको *

च) तर पदेन सदस्यमात्र कायम रहेको सदस्यको मताधिकार रहने छैन। *

**४.५ क्याम्पस सभाको कांम, कर्तब्य र अधिकारः–** (२०७६ चौथो संशोधनद्वारा थप)

(क) क्याम्पस संचालनार्थ सर्वोच्च निकायको रुपमा काम गर्ने ।

(ख). क्याम्पस संचालक समितिको गठन गर्ने ।

(ग) क्याम्पस संचालन सम्बन्धि नीति तथा कार्यक्रम पारित गर्ने ।

(घ) क्याम्पसको विधान अनुमोदन गर्ने ।

(ङ) क्याम्पसको चौतर्फी विकासमा सहयोग गर्ने ।

_* छैठौं सशोधन २०८१ द्वारा थप

**४.६ . क्याम्पस सभाको गणपुरक संख्या:** *(२०७६ चौथो संशोधनद्वारा थप)*

क्याम्पस सभाको गणपुरक संख्या पहिलो पटक ५१ ,दोस्रो पटक ३३ र त्यस पछि उपस्थित संख्यालाई मानिनेछ ।

**४.७ क्याम्पस सभाको बैठक र निर्णय प्रकिया:** *(२०७६ चौथो संशोधनद्वारा थप)*

(क) क्याम्पस सभाको बैठक वर्षमा १ पटक अनिवार्य रुपमा बस्नेछ ।

(ख) क्याम्पस सभाका निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतद्वारा पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(ग) क्याम्पस सभाको बैठक अध्यक्षको अनुमतिले सदस्य सचिवले बोलाउनेछ ।

(घ) आवश्यक परेमा क्याम्पस सभाको बैठक जुनसुकै बेला क्याम्पस संचालक समितिले बोलाउन सक्नेछ तर २५% सदस्यले बैठक बोलाउन लिखित माग गरेमा अध्यक्षले बैठक बोलाउनु पर्ने र जुन विषयमा बैठक बोलाउन माग गरिएको हो सोहि विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

**४.८. क्याम्पस सभाका पदाधिकारीहरुको पद रिक्त रहने अवस्था:** *(२०७६ चौथो संशोधनद्वारा थप)*

(क) लिखित राजिनामा स्वीकृत भएमा ।

(ख) मानसिक सन्तुलन ठिक नभएमा ।

(ग) क्याम्पसको हित विपरीत काम गरेमा ।

(घ) मृत्यु भएमा ।

(ङ) साधारण सभाबाट दुई तिहाई बहुमतले निष्काशन गरेको व्यक्ति । तर निजलाई निष्काशन गर्नु भन्दा पहिले सफाईको मौका प्रदान गरिने छ ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय भएमा

छ) समय मै सदस्यता* नविकरण नगराएमा ।

**५ संचालक समितिको गठन विधि:–**

क्याम्पस संचालन गर्ने निकायको रुपमा एक क्याम्पस संचालक समिति रहनेछ । संचालक समितिमा १७ जना पदाधिकारी रहनेछन् । संचालक समितिले निर्वाचित सदस्यहरु मध्येबाट १ जना उपाध्यक्षको छनौट गरी कार्यसमिति गठन गर्न सक्नेछन र क्याम्पस प्रमुख संचालक समितिको सदस्य सचिव हुनेछन् । संचालक समितिले क्याम्पस संचालक समितिको पदाधिकारी वा सदस्य भई काम गरेवापत कुनैपनि आर्थिक लाभ लिन वा लिनेगरी निर्णय गर्न पाउने छैन।

**५.१ संचालक समितिको गठन निम्नबमोजिम हुनेछ:**

क. क्याम्पस सभाबाट निर्वाचित व्यक्ति  अध्यक्ष

ख. आजीवन सदस्यहरु मध्येबाट क्याम्पस सभाले निर्वाचित गरेका कम्तिमा एक महिला* सहित बढिमा ३ जना र संरक्षक सदस्यहरु मध्येबाट २ जना गरी ५ जना सदस्य

ग. क्याम्पस सभा साधारण सदस्यहरु मध्येबाट क्याम्पस सभाले निर्वाचित गरेका ४ जना सदस्य

*तर यसरी निर्वाचन गर्दा कम्तिमा ३३ प्रतिशत महिलाहरु अनिवार्य हुनुपर्नेछ र संचालक समितिको पदाधिकारी वा सदस्य बन्न कम्तिमा कक्षा १२, (+२) वा सो सरह उर्तिण हुनुपर्नेछ ।*

घ) क्याम्पस प्रमुख, सदस्य सचिव

ङ) त्रिभुवन विश्वविद्यालयका प्रतिनिधी पदेन सदस्य

च) ने.प्रा.सं. पा. ब. क्या. एकाई समितिका अध्यक्ष पदेन सदस्य

छ) सम्बन्धित वडाका वडाअध्यक्ष पदेन सदस्य

ज) जिल्ला उद्योग बाणिज्य संघका अध्यक्ष पदेन सदस्य

झ) पाल्पी बहुमुखी क्याम्पस पुर्व विद्यार्थी संघको अध्यक्ष पदेन सदस्य*।

ञ) विद्यार्थी गुणस्तर सर्कलका अध्यक्ष वा संयोजक पदेन सदस्य*।

* छठौं संशोधन २०८१ द्वारा थप

**५.२ सल्लाहकार समितिः**

क्याम्पसको विकासमा महत्तवपुर्ण भुमिका निर्वाह गरेका समाजसेवी ,शिक्षाप्रेमी महानुभावहरु मध्येबाट संचालक समितिले कम्तिमा ३ जना बढिमा ७ जना* सल्लाहकारहरु मनोनित गर्न सक्नेछ र सोहि मध्ये वाट एक जना संयोजक मनोनित गर्न सक्नेछ।

**५.३ संचालक समितिको पदावधिः**

अध्यक्षको पदावधि ३ बर्षको हुनेछ । समितिका अन्य पदाधिकारीहरुको पदावधि पनि सोही अवधिभर कायम रहनेछ।(२०७६ चौथो संशोधनद्वारा थप) **संचालक समितिको** पदावधि पहिलो बैठक बसेको मितिलाई आधारमानी गणना गरिनेछ। * विषम परिस्थिति सृजना भएमा सांचालक समितिको निर्णयले एकपटकको लागि बढिमा ३ महिना समय अवधी म्याद थप गर्न सकिनेछ ।

यो विधान लागुभएपछि एकै व्यक्ति २ कार्यकाल भन्दा बढी संचालक समिति अध्यक्ष पदमा मनोनयन गर्न/ निर्वाचित हुन मिल्ने छैन।

**६. संचालक समितिको बैठक र निर्णय प्रक्रियाः**

क) संचालक समितिको बैठक महिनामा एक पटक र आवश्यकतानुसार पटक पटक बस्न सक्नेछ । (चौथो संसोधन )

ख) संचालक समितिको पहिलो बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । गणपुरक संख्या नपुगी दोस्रो बैठक बोलाएमा गणपुरक संख्या न्युनतम् ५१ प्रतिशत हुनु पर्नेछ । दोस्रो पटक पनि सोही प्रस्ताव मााथि छलफल गर्न बैठकको न्युनतम गणपुरक संख्या नपुगी स्थगित भएमा तेस्रो पटक ३३ प्रतिशतको उपस्थितीलाई गणपुरक संख्या मानिनेछ ।

ग) संचालक समितिका निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतद्वारा पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

घ) संचालक समितिको बैठक अध्यक्षको अनुमति लिएर सदस्य सचिव (क्याम्पस प्रमुख)ले बोलाउने छन् ।

ङ) क्याम्पसको आवश्यकता उपरं विचार गरी २५% सदस्यहरुबाट बैठक माग भएमा लिखित निवेदन परेको १५ दिनभित्र अध्यक्षले बैठक बोलाउनु पर्नेछ तर निवेदनमा माग भएको विषय बाहेक अन्य विषयमा छलफल गर्न पाइनेछैन्। (२०७१ तेस्रो संशोधनद्वारा थप)

**७ संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।**

क) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र निजको सुविधा तोक्ने ।

ख) क्याम्पस प्रमुखको पदावधि ४ वर्षको हुनेछ ।

ग) क्याम्पसको आवश्यकता अनुसार प्राध्यापक तथा कर्मचारीको दरबन्दी सृजना गर्ने ।

घ) प्राध्यापक कर्मचारीहरुको सेवा, शर्त, पारिश्रमिक तथा अन्य सुविधा तोक्ने ।

ङ) क्याम्पसको वार्षिक बजेट निमार्ण गर्ने ।

च) क्याम्पसको आम्दानी खर्चको व्यवस्थित हिसाव किताब राख्न लगाउने ।

छ) आवश्यकतानुसार विभिन्न उपसमिति वा आयोग गठन गरी तिनीहरुको काम, कर्तब्य र अधिकार तोक्ने ।

ज) क्याम्पसका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरु प्रति अनुशासनात्मक कार्यवाही गर्ने ।

* छैठौं संशोधन २०८१ द्वारा थप

झ) क्याम्पसका लागि आवश्यक आर्थीक भौतिक श्रोत जुटाउने र जनसहयोग परिचालन गर्ने ।

ञ) क्याम्पस सुव्यस्थित तरिकाले संचालन गर्नको लागि आवश्यक परेमा नीति, नियम बनाउने र निर्देशन गर्ने ।

ट) क्याम्पसका समस्याहरु समाधान गर्ने ।

ठ) क्याम्पसको हितलाई ध्यानमा राखी कोषको प्रबन्ध तथा लगानी गर्ने चल अथवा अचल सम्पति खरिद विक्री गर्ने र आवश्यकतानुसार बैंक तथा वित्तीय संस्थाहरुमा क्याम्पसको नाउमा खाता खोल्ने ।

ड) क्याम्पसको तत्कालिन आवश्यकतालाई ध्यानमा राखी आंशिक, करार, स्थायी, अस्थायी, प्रशिक्षक, प्राध्यापक तथा कर्मचारीहरु नियुक्त गर्न लगाउने ।

ढ) क्याम्पसमा तोकिएको कार्यभार कम भएको अवस्थामा प्राध्यापक एवम् कर्मचारीका दरवन्दीहरु कट्टा गरी कार्यरत प्राध्यापक तथा कर्मचारीलाई नियमानुसारको सुविधा दिई सेवा निवृत्त गर्ने तर त्यसरी सेवाबाट हटाउँदा एक शैक्षिक सत्रको मात्र कार्यभारको आधारमा मात्र हटाइने छैन् । (२०७१तेस्रो संशोधनद्वारा थप)

ण) क्याम्पसमा अध्ययन भईरहेका विषयमा विद्यार्थी नभई कक्षा सञ्चालन नभएको अवस्था वा उक्त विषय समेत खारेज भएमा सम्बन्धित विषयका प्राध्यापकलाई वैकल्पिक कार्यमा लगाउने र वैकल्पिक व्यवस्था हुन नसकेमा निजलाई अवकास दिई बिदाई गरिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

त) विशेष बैठक माग गर्न सकिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

थ) क्याम्पस सभा निर्वाचन प्रयोजकोलागि बढिमा ३ जना सदस्य सम्मको निर्वाचन मंडल तोक्ने ।

**८ संचालक समितिका पदाधिकारीहरुको पद रिक्त रहने अवस्थाः—**

क) लिखित राजिनामा स्वीकृत भएमा ।

ख) मानसिक सन्तुलन ठीक नभएमा ।

ग) सुचना नदिई लगातार ३ पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा निजको पद स्वतः रिक्त भएको मानिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

घ) क्याम्पस हित विपरीत काम गरेको लागेमा अध्यक्षले सम्बन्धित सदस्यलाई क्याम्पस संचालक समितिको सदस्यताबाट निलम्बन गर्न सक्नेछन् । तर सफाई पेश गर्न कम्तीमा १५ दिनको म्याद दिनुपर्नेछ ।

ङ) पदावधि समाप्त भएमा ।

च) (२०७६ चौथो संशोधनद्वारा झिकिएको)

छ) पदेन सदस्यहरुहरुको हकमा निज सम्बन्धित निकायमा वा पदमा कार्यरत नभएमा ।

ज) अविस्वासको प्रस्ताव पारित भएमा । (२०७६ चौथो संशोधनद्वारा थप)

झ) क्याम्पस संचालक समितिका अध्यक्ष वा पदाधिकारीको कार्यकाल पुरा नहुँदै मृत्यु भएमा वा निजले राजिनामा दिएमा बाकी कार्यकालका लागि संचालक समितिका उपाध्यक्ष वा सदस्यहरु मध्ये वरिष्ठ सदस्यको अध्यक्षतामा समितिको बैठक बसी, राजिनामा स्वीकृत गरी, तत्काल कार्यबाहक अध्यक्ष समेत छनौट गरी बढिमा ६ महिना भित्र क्याम्पस सभाद्वारा अनुमोदन गराउनु पर्नेछ ।

**९. संचालक समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :** (२०७६ चौथो संशोधनद्वारा थप)

क) संचालक समिति र क्याम्पस सभाको अध्यक्षता गर्ने ।

ख) संचालक समिति र क्याम्पस सभाको बैठक बोलाउने ।

ग) क्याम्पसको उत्थान र विकासको लागि भौतिक तथा आर्थिक सहयोग जुटाउने ।

घ) क्याम्पस सभा र संचालक समितिका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने र सो भए नभएको निरीक्षण गर्ने ।

ङ) संचालक समितिको बैठकमा कुनै विषयमा विवाद उत्पन्न भई मत बराबर भएमा निर्णायक मत दिने ।

च) क्याम्पसमा कार्यहरुको आवश्यकता अनुसार निरीक्षण गर्ने, गराउने र सल्लाह सुझाव दिने ।

छ) क्याम्पस प्रमुखको विदा स्वीकृत गर्ने , काजमा खटाउने वा कार्यसम्पादन मुल्याङ्कन गर्ने ।

ज) क्याम्पसको नियमित अनुगमन गर्ने ।

झ) आफ्नो अनुपस्थितिमा कार्य वाहक अध्यक्ष तोक्ने र जिम्मेवारी दिने ।

ञ) अध्यक्षले गर्ने भनी विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

_* छैठौं संशोधन २०८१ द्वारा थप

**१०. सदस्यहरुको काम कर्तब्य र अधिकार:** (२०७६ चौथो संशोधनद्वारा थप)

क) संचालक समितिको बैठक र क्याम्पस सभामा उपस्थित भई क्याम्पसको उन्नति, प्रगतिका लागि राय, सल्लाह र सुझाव दिने ।

ख) संचालक समितिले तोकेका विविध कार्यहरु गर्ने ।

ग) उप समितिहरुमा रही क्याम्पस व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

**११. अविश्वासको प्रस्ताव :**

क) अविश्वासको प्रस्ताव कुन कुन पदाधिकारी तथा सदस्यका विरुद्ध हो स्पष्ट लिखित रुपमा खुलाई नियम बमोजिम रित पुऱ्याई क्याम्पसमा दर्ता गराई सो मार्फत संचालक समितिमा पेश गर्नुपर्नेछ ।

ख) अविश्वासको प्रस्ताव क्याम्पस सभाका सदस्यहरु मध्येबाट न्युनतम एक चौथाई सदस्यहरुको नाम, थर, ठेगाना र दस्तखत सहितको प्रस्ताव संचालक समितिमा पेश गर्नु पर्नेछ । प्रस्ताव दर्ता पश्चात सदस्य सचिवले प्रस्तावमा नाम उल्लेख गरिएका सदस्यहरुलाई सनाखत गराई प्रमाणित गरिएपछि मात्र विधान बमोजिम बैठक बोलाउनु पर्नेछ। सनाखत गर्न इन्कार गरेमा वा आवश्यक संख्या नपुगेमा प्रस्ताव स्वतः रद्ध हुनेछ ।

**१२. अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :**

क) क्याम्पस सभा तथा विशेष सभाको अध्यक्षता गर्ने व्यक्तिले अविश्वासको प्रस्ताव सभामा पेश गर्ने अनुमति दिनेछ । यसरी पेश हुन आएको प्रस्ताव पेश गर्ने सदस्यहरु मध्येबाट एक जनाले अविश्वासको प्रस्ताव ल्याउनु परेको कारण बारे सभालाई अवगत गराउनु पर्नेछ ।

ख) अविश्वासको प्रस्ताव पेश भए पश्चात सो प्रस्ताव उपर मत प्रकट गर्न चाहेमा बढीमा अन्य दुई जना सदस्यलाई अध्यक्षले आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्न समय दिन सक्नेछन् ।

ग) अविश्वासको प्रस्ताव जसका विरुद्ध पेश गरिएको हो त्यस्ता पदाधिकारी र सदस्यलाई आफ्नो सफाईको मौकाका लागि लिखित जवाफ वा सभामै मौखिक प्रस्तुती पेश गर्न समय दिईनेछ । सो सुनवाईको अवसर दिई सकेपछि अध्यक्षले उक्त प्रस्तावलाई क्याम्पस सभामा निर्णयार्थ पेश गर्नेछ ।

**१३. अविश्वासको प्रस्तावमाथि निर्णय :**

क) क्याम्पस सभाको सम्पुर्ण सदस्यको कम्तिमा दुई तिहाईको उपस्थितिमा अविस्वासको प्रस्ताव माथि छलफल गरिने छ ।

ख) गोप्य मतदानबाट अविश्वासको प्रस्तावमा निर्णय गराइनेछ ।

ग) क्याम्पस सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई मतले अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा दिईएको मत नै निर्णायक मानिनेछ । त्यस्तो प्रस्ताव पारित भएमा जसको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएको हो सो व्यक्ति सो पदबाट मुक्त हुनेछन् ।

**१४ लेखा समिति :** (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पसमा देहाय बमोजिमको ३ सदस्यीय लेखा समिति हुनेछ ,जसको कार्यावधि ३ वर्षको * हुनेछ ।

क) लेखा सम्बन्धि ज्ञान भएको क्याम्पस सभाले छनौट गरेको व्यक्ति - संयोजक एक जना ।

ख) संचालक समितिद्धारा नियुक्त व्यक्ति – सदस्य

ग) लेखा विषयका प्राध्यापकहरु मध्येबाट प्राध्यापक संघले छनौट गरेको व्यक्ति - सदस्य

**१५. लेखा समितिको काम, कर्तव्य र अधिकार :** (२०७६ चौथो संशोधनद्वारा थप)

क) बर्षमा कम्तीमा दुइ* पटक आन्तरिक लेखा परीक्षण गरी सुझाव दिने र वार्षिक प्रतिवेदन क्याम्पस शभामा पेश पेस गर्नेछ। *

ख) बैंकमा रहेका खाताहरु जाँचबुझ गर्ने र तिनीहरुलाई व्यवस्थित गर्ने ।

ग) क्याम्पसको आय व्ययको जाँच गर्ने ।

घ) वेरुजु देखाउने र असुल उपर गर्न संचालक समितिमा सिफारिस गर्ने ।

ङ) क्याम्पसको लेखा सम्बन्धी गोपनीयता कायम गर्ने ।

च) संचालक समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

उपकुलपतिको कार्यालय योजना निर्देशनालय, कीर्तिपुर

* छैठौं संशोधन २०८१ द्वारा थप

परिच्छेद ४ (२०७६ चौथो संशोधनद्वारा थप)

१६. क्याम्पस प्रमुखको नियुक्ति :

क) क्याम्पस प्रमुखको नियुक्ति संचालक समितिको निर्णयानुसार अध्यक्षले गर्नेछन् ।

ख) क्याम्पसमा पूर्णकालिन वा स्थायी प्राध्यापकको रुपमा कम्तिमा ५वर्षदेखि* प्राध्यापन गरिरहेका प्राध्यापकहरु मध्येबाट जेष्ठता, प्रशासनिक कार्यदक्षता, अनुभव र प्राज्ञिक क्षमताका आधारमा संचालक समितिले क्याम्पस प्रमुखको नियुक्ति* गर्नेछ ।

ग) क्याम्पस प्रमुखले संचालक समितिले तोके बमोजिमको सुविधा पाउनेछन् ।

१७. क्याम्पस प्रमुखको कार्यावधि :

**क्याम्पस प्रमुखको कार्यावधि ४ वर्षको हुनेछ** । कार्य सम्पादन, मुल्याङकनको आधारमा आवश्यक परेमा पुनः नियुक्ति गर्न सकिनेछ । (२०७६ चौथो संशोधनद्वारा थप)

१८. क्याम्पस प्रमुखको काम, कर्तब्य र अधिकारः

१) क्याम्पस संचालक समितिका अध्यक्षको अनुमति लिई संचालक समितिको बैठक बोलाउने ।

२) क्याम्पसको अनुमानित बजेट संचालक समितिमा पेश गर्ने ।

३) क्याम्पसको वार्षिकोत्सवमा क्याम्पसको आय ब्ययको प्रतिवेदन पेश गर्ने ।

४) आवश्यक प्राध्यापक तथा कर्मचारीको दरबन्दी सृजना गरी संचालक समितिमा प्रस्ताव पेश गर्ने ।

५) प्राध्यापक, कर्मचारीको नियुक्ति संचालक समितिको निर्णय बमोजिम गर्ने ।

६) क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको जिम्मेवारी लिई संचालक समितिको नीति र नियम अनुसार क्याम्पस संचालन गर्ने ।

७) बिद्यार्थी भर्नाको लागि नीति–नियम बनाई लागु गर्ने ।

८) बिद्यार्थीलाई अनुशासनात्मक कार्यवाही गर्ने ।

९) अनुशासनहिन रेकर्ड भएको वा हुन लागेको बिद्यार्थीलाई भर्ना हुनबाट रोक्ने वा निष्काशन गर्ने ।

१०) आन्तरिक वा बाह्य परीक्षाका रेकर्डहरु व्यवस्थित रुपले राख्न लगाउने ।

११) क्याम्पसको लागि आवश्यक पर्ने सरसमान खरिद गर्ने, काम नलाग्ने समान लिलाम गर्ने र ठेक्कापट्टाको व्यवस्था गर्ने ।

१२) क्याम्पसको लेखा दुरुस्त राख्न लगाउने ।

१३) क्याम्पसको सम्पत्तीको सुरक्षा र सदुपयोग गर्ने ।

१४) प्राध्यापक तथा कर्मचारीको कामको बाँडफाँड गर्ने र आवश्यकता परेमा स्पष्टीकरण माग गर्ने ।

१५) संचालक समितिबाट स्वीकृत भएको दरबन्दी बमोजिम आवश्यक पर्ने प्राध्यापक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि आवश्यक प्रक्रिया पुरा भएपछि अन्तरवार्ता बोर्डको सिफारिस बमोजिम उम्मेदवारलाई नियुक्ति दिने ।

१६) प्राध्यापक तथा कर्मचारीहरुलाई अनुशासन सम्बन्धी कार्यवाही गरी निलम्बन वा निस्कासन गर्नु पर्दा कारण सहित संचालक समतिमा पेश गरी स्वीकृत भई आए बमोजिम गर्ने । त्यसरी निलम्बन वा निस्काशसन गर्नु पर्दा स्पष्टीकरणका लागि कम्तीमा १५ दिन म्याद दिनु पर्नेछ । र संचालक समितिले पुनः विचार गरी गरेको निणर्य अन्तिम निर्णय मानिने छ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

१७) प्राध्यापक तथा कर्मचारीलाई भ्रमण आदेश दिने र काजमा खटाउने ।

१८) प्राध्यापक कर्मचारीहरुलाई बिदा दिने र बिदाको रेकर्ड राख्न लगाउने ।

१९) राम्रो काम गर्ने प्राध्यापक तथा कर्मचारीलाई ग्रेड थप वा पुरस्कार प्रदान गर्न संचालक समितिलाई कारण सहित सिफारिस गर्ने ।

२०) गलत काम गर्ने प्राध्यापक तथा कर्मचारीलाई दण्ड दिन संचालक समितिमा सिफारिस गर्ने ।

२१) आफ्नो अनुपस्थितीमा क्याम्पसको नियमित काम गर्न निम्ति क्याम्पस प्रमुख तोक्ने र निजको अवधी बढीमा ३० दिनको हुन्छ सो भन्दा बढीका लागि समितिले निणर्य गर्नेछ ।

२२) असम्वन्धीत व्यक्तिलाई क्याम्पस हाताभित्र प्रवेश गर्न रोक लागाउने ।

२३) क्याम्पसमा असाधारण स्थिती आई परेमा त्यस्तो स्थिती समाल्न बढीमा ७ दिनसम्म क्याम्पस बन्द गर्न सक्नेछन् सो भन्दा बढी समय सम्म क्याम्पस बन्द गर्नुपरेमा संचालक समितिको बैठकमा पेश गरी निणर्य भए बमोजिम हुनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

२४) क्याम्पसको काम कार्यवाही सुब्यवस्था र सुसंचालनका लागि आवश्यक पर्ने सम्पुर्ण काम गर्ने ।

२५) क्याम्पसको तत्कालको आवश्यकता पुरा गर्न अध्यक्षको अनुमति लिई आशिंक करार वा दैनिक ज्यालामा, कर्मचारी तथा प्राध्यापक* नियुक्त गर्ने । निजको पारिश्रमिक संचालक समितिले तोके बमोजिम हुनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

२६) क्याम्पसको गुणस्तर कायम गर्न गठित विभिन्न समिति ,उपसमितिहरुको संचालनको लागि वातावरण निर्माण गर्ने तथा आवस्यक नियमन गर्ने। *

**१९ सहायक क्याम्पस प्रमुखको नियुक्ति :**

क्याम्पसमा पुर्णकालिन प्राध्यापकको रुपमा कम्तिमा ३ वर्ष प्राध्यापन गरेका प्राध्यापकहरु * मध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिबाट सहायक क्याम्पस प्रमुख नियुक्ति गरिनेछ । निजको पदावधी ३ वर्षको हुनेछ । सहायक क्याम्पस प्रमुखले संचालक समितिले तोके बमोजिम सुविधा पाउनेछ। ।

**१९.१. सहायक क्याम्पस प्रमुखको काम कर्तब्य र अधिकारः**

क) सहायक क्याम्पस प्रमुख, क्याम्पस प्रमुख र संचालक समिति प्रति पुर्ण उत्तरदायी हुनेछन् ।

ख) क्याम्पस प्रमुखको अनुपस्थितीमा दैनिक प्रशासन संचालन गर्ने ।

ग) क्याम्पस प्रमुखलाई आवश्यक सल्लाह दिने र सहयोग पुऱ्याउने ।

घ) क्याम्पसको कक्षाहरु संचालन गर्न समय तालिका बनाउने ।

ङ) क्याम्पस सुसंचालनका लागि क्याम्पस प्रमुखले तोके बमोजिम काम गर्ने ।

च) क्याम्पसमा गुणस्तर कायम गर्न प्रयत्नशिल रहने। *

छ) क्याम्पस प्रमुखको निर्देशन बमोजिम आवश्यक कार्य गर्ने। *

उपकुलपतिको कार्यालय योजना निर्देशनालय, कीर्तिपुर

**२०) शिक्षण विभाग वा संकाय* तथा विषयगत समिति***

क) क्याम्पसमा अध्यापन हुने प्रत्येक संकायलाई आधार मानेर शिक्षण संकाय वा विभाग स्थापना गरिनेछ। * विभागको नेतृत्व संकाय प्रमुखले गर्नेछ। *

ख) संकाय प्रमुख वा शिक्षण विभाग प्रमुखको * नियुक्ति गर्दा योग्यता तथा कार्यक्षमताको आधारमा कम्तिमा २ वर्ष पुर्णकालिन सेवा गरेका* प्राध्यापकहरु मध्येबाट कार्यदक्षताको आधारमा* गरिनेछ । शिक्षण विभागमा* सम्बन्धित संकायका* सबै प्राध्यापक सदस्य हुनेछन् ।

ग) शिक्षण विभागको प्रमुखको * पदावधी ३* वर्षको हुनेछ ।

घ) शिक्षण विभागको प्रमुखले * संचालक समितिले तोके बमोजिम सुविधा पाउनेछन् ।

ङ) शिक्षण विभागको बैठक कम्तीमा महिनाको १ पटक हुनेछ ।

च) शिक्षण विभागका प्रमुखले * शिक्षण समितिको राय लिई सम्वन्धित विषयको अध्यापन र अनुसन्धान कार्य संचालन गर्नेछन् र पाठ्यक्रम विभाजन गर्न कक्षा प्रगती विवरण संकेलन गरी क्याम्पस प्रमुखलाई जानकारी गराउने र शैक्षिक स्तर बृद्धि गर्न आवश्यक कार्य गर्ने र सुझाव पेश गर्नेछन् ।

* छैठौं संशोधन २०८१ द्वारा थप

छ) क्याम्पसमा प्राध्यापन गर्ने कम्तीमा ३ जना प्राध्यापक कार्यरत रहेका* प्रत्येक विषयका निम्ति क्याम्पस प्रमुखले विषयगत शिक्षण समितिको गठन गर्नेछन् । तर कुनै विषयमा ३ जना* भन्दा कम विषयगत प्राध्यापक भएमा ती विषयहरुको लागि संयुक्त विषयगत* समिति रहने सक्नेछ ।

ज) क्याम्पस प्रमुखले सहायक क्याम्पस प्रमुखसंग आवश्यक सरसल्लाह लिई विषयगत तथा संयुक्त शिक्षण समितिको लागि एक संयोजक* नियुक्ति गर्नेछन् ।

झ) विषयगत समितिले आफ्ना विषयसंग सम्बन्धित मुद्दाहरुमा अध्ययन, अनुसन्धान गर्ने र आइपर्ने समस्या समाधान गर्ने र आफुले समाधान गर्न नसक्ने विषय विभाग वा क्याम्पस प्रमुखलाई सिफारिस गर्नेछ।

२१. प्राध्यापक र कर्मचारीको नियुक्ति:

क) कुनै प्राध्यापक वा कर्मचारीलाई अस्थायी वा स्थायी नियुक्ति गर्दा दरबन्दीको आधारमा विज्ञापन गरी खुल्ला प्रतियोगिताबाट छनौट गरिनेछ ।

ख) छनौट समिति संचालक समितिले तोके बमोजिम वा क्याम्पस संचालन कार्यविधिमा उल्लेख भएको प्रक्रिया बमोजिम गठन* हुनेछ। अस्थायी वा स्थायी नियुक्ति लागि छनौट समितिले सिफारिस गरेको व्याक्तिलाई अस्थायी वा स्थायी नियुक्ती दिईनेछ । प्राध्यापक वा कर्मचारीहरुको परीक्षणकाल एक बर्षको हुनेछ । परीक्षणकालमा आफ्नो पदिय आचरण नगर्ने प्राध्यापक, कर्मचारीको जुन निकायले नियुक्ति दिएको सोही निकायले नियुक्ति खारेज गर्न सक्नेछ। * (२०७६ चौथो संशोधनद्वारा थप)

ग) एकपटक खुला प्रतियोगिताबाट अस्थायी पुर्णकालिन रुपमा प्रवेश गरेका प्राध्यापक / कर्मचारीलाई कम्तिमा अविच्छिन्न ५ वर्ष सेवा गरिसकेपछि कार्यसम्पादन मुल्याङ्कनको आधारमा संचालक समितिले स्थायी गर्न सक्नेछ । यस उपदफा मार्फत हुने नियुक्तिमा परिक्षणकाल लागुहुने छैन। छठौं संशोधन २०८१ द्वारा संशोधित

घ) नेपाल सरकारको सेवा वा संस्थानमा कार्यरत स्थायी. व्यक्तिलाई प्राध्यापक वा कर्मचारीमा स्थायी नियुक्ति गरिने छैन् । यदि नियुक्ति गर्नु परेमा आंशिक वा करार सेवामा मात्र नियुक्ति गरिने छ । आंशिक र करार सेवामा रहने सबैको पदाअवधी बढीमा १ वर्षको हुनेछ र निजहरुको पारिश्रमीक र अन्य सुविधा क्याम्पस र सम्बन्धीत व्यक्ति को सम्झौता अनुसार कायम गरिने छ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ङ) विश्वविद्यालय वा कुनै उच्च शैक्षिक संस्थामा कार्यरत कुनै तहको प्राध्यापक एक महिना वा सो भन्दा कम * अवधीको लागि काजमा आउन चाहेमा क्याम्पसको आवश्यकता र अवस्थालाई हेरि Visiting Professor* को रुपमा काजमा आह्वान गर्न* सकिने छ । यस्तो आह्वान वा* सहमतिको निर्णय क्याम्पस प्रमुखले संचालक समितिलाई जानकारी गराई* गर्नेछ ।

च) कुनै पनि राजनीति पार्टीका पदाधिकारी र सदस्यहरुलाई नियुक्ति गर्न हुँदैन । (२०७१ तेस्रो संशोधनद्वारा थप)

झ) पुर्णकालिन वा स्थायी कर्मचारीको रुपमा सेवा प्रवेश गर्ने उमेर पुरुषको लागि ३५ वर्ष र महिलाको लागि ४० वर्ष र प्रध्यापकको रुपमा सेवा प्रवेश गर्ने उमेर ४५ वर्ष ननाघेको हुनुपर्नेछ। छठौं संशोधन २०८१ द्वारा थप

ञ) प्रचलित कानुनले अयोग्य नठहरिएको ।

ट) अस्थायी करार कार्यालय सहयोगी पदमा कार्यरत रहेका कर्मचारीहरुको हकमा कम्तिमा २वर्ष सेवा गरिसकेपछि कार्य सम्पादन मुल्याङ्कनको आधारमा स्थायीको लागी क्याम्पस प्रमुखले संचालक समितिलाई सिफारिस गर्न सक्नेछ*।

२२. पद रिक्त हूने अवस्था:

क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुको देहायको अवस्थामा पद रिक्त हुनेछ :

क) लिखित राजिनामा दिई संचालक समितिबाट राजिनामा स्वीकृत भएमा ।

ख) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र शिक्षण विभागका प्रमुख वा अन्य यस्तै जिम्मेवारी तोकिएका पदको * हकमा निजहरुको तोकिएको पदावधी समाप्त भए पनि* शैक्षिक पद भने कायम रहनेछ ।

ग) मान्यता प्राप्त चिकित्सकद्धारा मानसिक रुपमा अस्वस्थ्य भएको भनि प्रमाणित गरी दिएमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

ङ) सार्वजनिक सुरक्षा ऐन अर्न्तगत न्यायिक अनुसन्धान* मा थुनामा रहेपनि सफाई पाई फर्किएमा निज आफ्नो पदमा बहाल रहने छन् ।

छठौं संशोधन २०८१ द्वारा थप*

च) क्याम्पसमा तोकिएको कार्यभार कम भएको अवस्थामा प्राध्यापक तथा कर्मचारीका दरबन्दीहरु कम गरी कार्यरत प्राध्यापक तथा कर्मचारीहरुलाई नियमानुसार सुविधा दिई सेवा निवृत्त गर्ने तर यसरी सेवाबाट हटाउँदा एक शैक्षिक सत्रको मात्र कार्यभार आधारमा हटाइने छैन।

छ) क्याम्पसमा अध्यापन भईरहेका संकाय वा विषय नरहेको* ,विषयहरुमा विद्यार्थी नभई कक्षा सञ्चालन नभएको अवस्था वा उक्त विषय समेत खारेज भएमा सम्बन्धित विषयका प्राध्यापकलाई* वैकल्पिक कार्यमा लगाउने र वैकल्पिक व्यवस्था हुन नसकेमा निजलाई अवकास दिई विदाई गर्नेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप

ज) विदा स्विकृत नगराई बिना सुचना लगातार १५ वा सो भन्दा बढि दिन अनुपस्थित भएमा। (२०७१ तेस्रो संशोधनद्वारा थप

झ) क्याम्पसमा स्थायी सेवा गरेको सेवाअवधि ३० वर्ष पुरा भएमा वा प्रध्यापक, कर्मचारीको उमेर (६०) साठी वर्ष पुरा भएमा वा सो मध्ये जुनपहिला पुग्छ सोहि अनुसार हुने। छठौं संशोधन २०८१ द्वारा थप *

ञ) क्याम्पसमा गुणस्तर कायम गर्न, समय सापेक्ष आएका शिक्षाका नवप्रर्वतनलाई आत्मसाथ नगर्ने, बदलिदो युग अनुसार शैक्षिक क्षेत्रमा आएका प्रविधिप्रति उदासिन हुने, प्रविधिको प्रयोग कक्षा कोठामा गर्न असमर्थ हुने ,आफ्नो कार्यविवरण अनुसार तोकेको जिम्मेवरी पुरा नगर्ने, पदिय आचरण नगर्ने,क्याम्पसको मान प्रतिष्ठामा क्षति पुर्याउने कार्यमा संलग्न हुने प्राध्यापक तथा कर्मचारीहरुलाई क्याम्पस प्रमुखले स्पष्टीकरण सोध्न , सुधार गर्न वा अटेर गरे निष्काशनको कार्वाहिको लागि प्रक्रिया अगाडी बढाई संचालक समिति समक्ष सिफरिस गर्न सक्नेछ। यसरी सिफारिस भै आएमा संचालक समितिको दुईतिहाई बैठकले निर्णय गरी सेवाबाट बर्खास्त गर्न सक्नेछ। छठौं संशोधन २०८१ द्वारा थप*

## २३. सेवाशर्त र सुविधा सम्बन्धी व्यवस्था:

क्याम्पसमा कार्यरत प्राध्यापक र कर्मचारीहरुको सेवाशर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) स्थायी ,अस्थायी र करारको* प्राध्यापक तथा कर्मचारीको तलब , ग्रेड, ,भत्ता र अन्य सुविधा त्रि.वि.वि. ले निर्धारण गरेको प्रचलित नियमलाई दृष्टिगत गर्दै क्याम्पसको आर्थिक स्थितीको आधारमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ । स्थायी प्राध्यापक तथा कर्मचारीको ग्रेड बर्षको १ दिनको तलब बराबरको रकम हुनेछ, अधिकतम् ग्रेड संख्या प्राध्यापकको ८ र सहायक स्तरका कर्मचारी सम्मको १० हुनेछ। *

ख) स्थायी ,अस्थायी र करारका प्राध्यापक तथा कर्मचारीहरु नियुक्तिपत्रका साथ दिईने कार्यविवरणको शर्तअनुसार* पुरा समय उपस्थित भई आफ्नो जिम्मेबारी* पुरा गर्नु पर्नेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ग) संचयकोष सम्बन्धी व्यवस्था:

क्याम्पसमा पुरा समय काम गर्ने प्राध्यापक तथा कर्मचारीहरुले स्थायी नियुक्ती पाएको मिति देखि नै मासिक तलबबाट १० प्रतिशतका दरले रकम कट्टा गरी त्यती नै रकम क्याम्पसले थप गरी संचयकोष खडा गर्नेछ । सो रकम नजिकको पायक पर्ने बैंकमा खाता खोली जम्मा गरीनेछ । यसरी जम्मा गरेको रकम क्याम्पस छोडेको अवस्थामा मात्र एकमुष्ठ प्रदान गरिने छ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

घ) यस क्याम्पसमा कार्यरत स्थायी प्राध्यापक वा कर्मचारीले अतिरिक्त समयमा* अन्यत्र ठाऊँमा अस्थायी वा आंशिक समय अध्यापन वा काम गर्न चाहेमा संचालक समितिको पुर्व स्विकृती लिनु पर्ने छ । (२०६१ पहिलो संसोधन धारा थप)

ङ) कुनै प्राध्यापक वा कर्मचारी माथिल्लो पदमा बढुवा हुँदा बढुवा भएको पदको शुरु स्केल साविक पदमा रहि खाईपाई आएको तलब बराबर वा बढि भएमा मात्र बढुवा भएको माथिल्लो पदमा आवश्यक ग्रेड थप गरी तलब स्केल समायोजन गरिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

छठौं संशोधन २०८१ द्वारा थप*

२४. विदा सम्बन्धी व्यवस्थाः

क) स्थायी ,अस्थायी पुर्णकालिन* प्राध्यापकहरुले वर्षको ९ दिन भैपरी आउने विदा, ६ दिन पर्व विदा र १५ दिन विरामी विदा लिन पाउने छन् । विरामी विदा संचित राखेमा तलब स्केलको आधारमा एकमूष्ठ रकम उपलब्ध गराइने छ । क्याम्पसले विश्वविद्यालयको नियम बमोजिम हिउँदे र वर्षे विदा गर्नेछ। त्यस अवधिमा पठनपाठनमा मात्रै संलग्न प्राध्यापकहरुले विदा पाउनेछन्। *

ख) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख तथा क्याम्पसका स्थायी ,अस्थायी पुर्णकालिन* कर्मचारीहरुले वर्ष भरी भैपरी आउने विदा ९ दिन, पर्व विदा ६ दिन ,विरामी विदा १५ दिन र घर विदा ३० दिन पाउने छन् । घर विदा र विरामी विदाको रकम आर्थिक वर्षको अन्तिममा एकमुष्ट उपलब्ध गराइनेछ । घर विदा संचित गर्न आवश्यक ठानेको खण्डमा बढिमा*१२० दिन घर विदा र विरामी विदा चाहे जति संचित गर्न सक्नेछन् ।

ग) क्रियाविदाः

क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको बाबु आमा, श्रीमान् श्रीमति, सासु र ससुराको स्वर्गारोहण भएमा बढीमा १६ दिन पुरा तलबी विदा दिइने छ । सासु ससुराको प्रावधान महिला कर्मचारी तथा महिला प्राध्यापकको * हकमा मात्र लागु हुनेछ । (२०७६ चौथो संशोधनद्वारा थप)

घ) सुत्केरी विदाः

क्याम्पसमा कार्यरत महिला प्राध्यापक तथा कर्मचारी सुत्केरी भएमा निजले ४५ दिन सुत्केरी विदा पाउने छिन् । त्यस अवधीको पुरा तलब दिइनेछ । तर सुत्केरी विदाको सुविधा पहिलो र दोस्रो सन्तान भए सम्मलाई मात्र दिइने छ ।

ङ) सुत्केरी स्याहार विदाः क्याम्पसमा कार्यरत स्थायी र अस्थायी पूर्णकालिन पुरुष प्राध्यापक तथा कर्मचारीको पत्नी प्रसुति हुँदा त्यस्ता पुरुष प्राध्यापक तथा कर्मचारीलाई पहिलो र दोस्रो पटकका लागि बढिमा ७/७ दिनको प्रसुति स्याहार विदा दिइनेछ ।

च) अध्ययन विदा :क्याम्पसमा प्राध्यापनरत प्राध्यापक कर्मचारीले स्नातकोत्तर तह भन्दा माथिल्लो तहमा अध्ययन गर्न जान चाहेमा त्यस्ता कर्मचारी तथा प्राध्यापकहरुलाई बेतलवि अध्ययन विदा दिन सकिने छ । यसरी अध्ययन विदा लिएर जाने कर्मचारी तथा प्राध्यापकले अध्ययन सकेपछि कम्तिमा ५ वर्ष क्याम्पसमा सेवा गर्ने सर्तमा बढिमा ३ वर्ष अध्ययन विदा दिन सकिनेछ। यसरी सर्त बमोजिम गर्ने कर्मचारीको अध्ययन विदाको समयपनि सेवा अवधिमा गणना गरिनेछ ।*

२५. उपदान सम्बन्धी व्यवस्थाः

क्याम्पसमा एक उपदान कोषको व्यवस्था गरिने छ । उक्त कोषको रकमबाट संचालक समितिले स्थायी प्राध्यापक तथा कर्मचारीलाई उपदान रकम उपलब्ध गराउन निर्णय गर्नेछ । सो निर्णय भएपछि मात्र उपदानको सुविधा उपलब्ध गराइनेछ । बेतलवी विदाको अवधिलाई उपदान दिने समयमा गणना गरिने छैन् तर [illegible] अध्ययन विदाको सर्त पालना गरेमा बेतलबी अध्ययन विदाको अवधि उपदानमा गणना गरिनेछ। *

२५.१. औषधी उपचार तथा उपदान* सम्बन्धी व्यवस्था (२०७१ तेस्रो संशोधनद्वारा थप)

क) स्थायी नियुक्ति पाएको प्राध्यापक तथा कर्मचारीले सेवाबाट अवकाश हुदा सेवा गरेको हरेक वर्षको एक महिनाको दरले उपदान दिईनेछ । यसरी उपदान दिंदा खाईपाई आएको अन्तिम महिनाको तलवको आधारमा गणना गरिनेछ। तर यस्तो उपादान अधिकतम् २० महिना भन्दा बढि पाईने छैन। छठौं संशोधन २०८१ द्वारा थप

ख) ५* वर्षसम्म क्याम्पसमा स्थायी सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले आखिरी तलबको आधा महिना बराबरको तलब **औषधी उपचार बापत*** उपादान पाउने छन् ।

ग) १० * वर्षसम्म क्याम्पसमा स्थायी सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले आखिरी तलबको एक* महिना बराबरको तलब **औषधी उपचार बापत*** उपादान पाउने छन् ।

घ) १५ * वर्षसम्म क्याम्पसमा स्थायी सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले आखिरी तलबको ४५ दिन* बराबरको तलब **औषधी उपचार बापत*** उपादान पाउने छन् ।

ङ) २० वर्ष वा सो भन्दा माथि क्याम्पसमा* स्थायी सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले आखिरी तलबको दुई *महिना बराबरको तलब **औषधी उपचार बापत*** उपादान पाउने छन् ।

छठौं संशोधन २०८१ द्वारा थप*

२६. बढुवा सम्बन्धी व्यवस्था:

क) कुनै सहायक प्राध्यापकको उपप्राध्यापक पदको निम्ति योग्यता पुगेको भएता पनि यस क्याम्पसमा ५ वर्ष सम्म सहायक प्राध्यापक पदमा रही पुर्णकालिन वा स्थायी नियुक्ति लिई काम गरेको वा माथिल्लो शैक्षिक उपाधि पी.एच्. डी. डिग्री प्राप्त गरेको भएमा निजको उपप्राध्यापक पदमा नियुक्ति वा पदोन्नतीको लागि न्युनतम योग्यता पुगेको मानिनेछ ।

ख) उपप्राध्यापक पदमा पुर्णकालिन वा स्थायी नियुक्ति लिई लगातार १० वर्ष सम्म अध्यापन गरेको भए वा माथिल्लो शैक्षिक उपाधि प्राप्त गरेको ,विभिन्न अनुसन्धात्मक कृति प्रकाशन गरेका भएमा सह–प्राध्यापक पदमा पदोन्नतीको लागी न्युनतम् योग्यता पुगेको मानिने छ ।

ग) यसरी कुनै प्राध्यापक स्थायी सह–प्राध्यापकमा रही कम्तीमा १० वर्ष सेवा गरेको र माथिल्लो शैक्षिक उपाधि पी.एच्. डी. डिग्री प्राप्त गरेको भएमा वा स्थायी रुपमा कम्तीमा १५वर्ष प्रध्यापन सेवा गरेको र विभिन्न अनुसन्धात्मक कृति प्रकाशन गरेको वा पी.एच्. डी. डिग्रीसमेत गरेको भएमा प्राध्यापक पदमा बढुवा हुनका लागि योग्यता पुगेको मानिनेछ ।

घ) कार्यालय सहयोगी पदमा काम गर्ने कर्मचारी बाहेक सहायक पद देखि लेखापाल पदसम्म बढुवा हुनका लागी त्यस्ता कर्मचारीले स्थायी नियुक्ति लिई कम्तीमा ५ वर्ष अवछिन्न सेवा गरेको भए निजलाई एक तह माथिल्लो पदमा बढुवा गर्न सकिनेछ । तर बढुवा गर्ने पदको लागी चाहिने न्युनतम् शैक्षिक योग्यता पुगी सकेको हुनु पर्नेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ङ) कुनै कर्मचारीले रा. प्र. अ. प्रथम श्रेणी सरहको पदमा रही कम्तीमा ७ वर्ष सम्म अविच्छिन्न रुपमा स्थायी सेवा गरेको भएमा* कार्य सम्पादन् मुल्याङ्कनको आधारमा* निजलाई प्रशासकिय अधिकृत वा लेखा अधिकृत सरहको पदमा बढुवा गर्न योग्यता पुगेको मानिनेछ ।तर सो पदकोलागि आवस्यक न्युनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।*

च) त्यस्तै प्रशासकिय अधिकृत वा सो सरहको पदमा रही कम्तीमा १० वर्ष स्थायी सेवा गरेको भएमा निजलाई उपप्रशासक वा सो सरहको पदमा बढुवा गर्न योग्यता पुगेको मानिनेछ । तर सो पदकोलागि आवस्यक न्युनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।*

छ) * छैठौं संशोधन २०८१ द्वारा भिकिएको

ज) * छैठौं संशोधन २०८१ द्वारा भिकिएको

झ) बढुवाको लागी क्याम्पसको अवस्था र आवश्यकता अनुसार संचालक समितिले आवश्यक दरवन्दी सृजना गर्नेछ । सृजना गरिएको दरवन्दीमा मात्र नियम अनुसार प्रकृया पुऱ्याई बढुवा गरिनेछ ।

ञ) बढुवाको निम्ति अनुभव गणना गर्दा यस क्याम्पसमा गरेको सेवा अवधीलाई मात्र मानिने छ ।

ट) बढुवा सम्बन्धी व्यवस्थाको सन्दर्भमा माथि जे सुकै लेखिएता पनि आर्थिक अवस्थाले धान्न नसक्ने भएमा बढुवा गर्न क्याम्पस बाध्य हुने छैन् । प्राध्यापक कर्मचारीलाई बढुवा गर्दा छनौट समितिको सिफारिस आवश्यक पर्नेछ । छनौट समितिको सिफारिस बमोजिम प्राध्यापक वा कर्मचारीलाई बढुवा पत्र दिइनेछ ।

* छैठौं संशोधन २०८१ द्वारा थप

## परिच्छेद ५ (२०७६ चौथो संशोधनद्वारा थप)

**२७. प्राध्यापक कर्मचारी तथा विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता:**

अ) प्राध्यापक तथा कर्मचारीको आचारसंहिता:

क्याम्पसमा कार्यरत प्राधयापक तथा कर्मचारीले देहाय बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ :

क) क्याम्पसले तोकेको समयमा उपस्थित रही आफ्नो पदीय दायित्व पूरा गर्नुपर्नेछ ।

ख) क्याम्पस प्रमुखको अनुमति बेगर क्याम्पसको गोप्यता भंग गर्न वा सुचना प्रकाशित गराउन पाइने छैन् ।

ग) क्याम्पस भित्र वा बाहिर आफ्नो प्रतिष्ठा कायम रहने गरी आफ्नो व्यक्तिगत नैतिकता शुद्ध राखी पद अनुसारको आचरण पालना गर्नु पर्नेछ ।

घ) आफू भन्दा माथिका प्राध्यापक र कर्मचारी प्रति उचित आदरभाव देखाउनु पर्नेछ । आफू भन्दा मुनिका लाई उचित व्यवहार गर्नु पर्नेछ ।

ङ) क्याम्पसमा तालाबन्दी, घेराउ, जूलूस प्रदर्शन, नारावाजी शारीरिक वा मांनसिक दवाव सृजना गर्न वा गराउन पाइने छैन् ।

च) क्याम्पसलाई हानी नोक्सानी हूने गरी अनुचित नियम राखी भ्रष्टाचार गर्न वा अख्तियार दूरुपयोग गर्न हुदैन ।

छ) क्याम्पसले निर्धारण गरेको पोषाकमा क्याम्पसमा उपस्थित हुनुपर्नेछ। *

ज) कानुनले वर्जित गरेका पर्दाथ सेवन गरी क्याम्पसमा प्रवेश गर्नुहुदैन। *

झ) नियुक्ति पत्रसगैं उपलब्ध गराईने कार्य विवरण अनुसारको दायित्व पुरा गर्नुपर्नेछ। *

ञ) संचारका साधनहरु ईमेल, ईनटरनेट, सामाजिक संजाल ,मोवाईल फोन आदी साधनहरुलाई शैक्षिक प्रयोजनमा मात्रै प्रयोग गर्न पाईनेछ। *

ट) क्याम्पसलाई अहित हुनेखालका सामाग्रीहरु ,प्रकाशन, प्रशारण तथा सामाजिक संजालमा लाईक,शेयर,पोस्ट र कमेन्ट गर्न पाईने छैन। *

ठ) माथि उल्लेखित आचार संहिताको उल्लङ्घन गर्ने प्राध्यापक, कर्मचारीलाई क्याम्पस प्रमुखले मौखिक चेतावनी वा लिखित नसिहत दिन सक्नेछन् । त्यसबाट पनि आफ्नो आचरण नसूधारेमा क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिले ग्रेड तथा बढूवा रोक्का गर्ने, हानी नोक्सानी भएको भए क्षतिपुर्ति भराउने तथा सेवाबाट मुक्त गराउन सक्ने छ । * छठौं संशोधन २०८१ द्वारा थप

ड) माथि उल्लेखित दफा (२७) अ को (ठ) नं. बमोजिम सेवाबाट मुक्त गराउनु पर्दा आरोप स्पष्ट किटान गरी सेवा मुक्त गराउनु पर्ने कारण समेत खुलाई सम्बन्धित प्राध्यापक कर्मचारीलाई आफ्नो सफाईको सवुत पेश गर्न ७ दिनको म्याद दिई लिखित स्पष्टीकरण माग्नु पर्नेछ । सो स्पष्टीकरण उचित नदेखिएमा संचालक समितिको बहुमतबाट निजलाई सेवा मुक्त गराउन सकिने छ ।

**आ) विद्यार्थीको आचार संहिता:**

यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले देहाय बमोजिमका आचारसंहिता पालन गर्नुपर्नेछः–

क) विद्यार्थीहरु नियमानुसार क्याम्पसले निर्धारण गरेको पोशाक लगाउने र अनुशासनमा रहनु पर्दछ ।

ख) क्याम्पसले जारी गरेको नियम पालन गर्नु विद्यार्थीको कर्तव्य हुनेछ ।

ग) क्याम्पस हाता भित्र कुटपिट गर्न गालीगलोज गर्न र हातहतियार लिई क्याम्पसमा उपस्थित हुन नपाइने ।

घ) क्याम्पस प्रमुखको स्वीकृत वेगर सभा, नाटक, नाचगान आदि कार्यक्रम गर्न पाइने छैन् । साथै क्याम्पसलाई आंच आउने गरी बोल्न ,लेख्न पाइने छैन् ।

ङ) क्याम्पसका प्राध्यापक तथा कर्मचारीलाई क्याम्पस भित्र वा बाहिर कुटपिट गर्न, गालीगलोज गर्न लेखे र वा बोलेर बेइज्जत गर्न पाइने छैन् ।

च) क्याम्पसका पुस्तक, फर्निचर, उपकरण आदि चल अचल सम्पत्तिको दुरुपयोग वा हिनामिना गर्न पाइने छैन् ।

छ) क्याम्पसमा तालाबन्दी, घेराउ, जूलूस प्रदर्शन, नाराबाजी गर्न पाइने छैन् ।

ज) क्याम्पस हाताभित्र कुनै किसिमको अश्लिल हरकत र मद्यपान र धुम्रपान गर्न पाइने छैन ।

* छठौं संशोधन २०८१ द्वारा थप

झ) माथि उल्लेखित आचरसंहिता उलङ्घन गर्ने विद्यार्थीलाई क्याम्पस प्रमूखले उचित छानविन गरी नसिहत दिने, हानी नोक्सानीको क्षतिपुर्ति गराउने अपराधको अनूपातमा आर्थिक जरिवाना गर्ने, केही समयका लागी कक्षा बाट निलम्बन गर्ने, क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निस्कासन गर्नका लागी संचालक समितिलाई सिफारिस गर्न सक्नेछन् ।

ञ) समयसापेक्ष आचार संहिता बनाई लागुगर्ने अधिकार क्याम्पस प्रमुखलाई हुनेछ ।*

यसरी क्याम्पसबाट आचरण सम्बन्धी कार्यवाही गरिएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ६

### २८. आर्थिक प्रशासन सम्बन्धी नियमः

क) क्याम्पसमा एक आर्थिक कोष रहनेछ । त्यस कोषलाई क्याम्पस संचालन कोष, भौतिक सुविधा कोष, छात्रवृत्ती कोष, निशूल्कवृत्ती कोष, संचयकोष, अवकाश कोष, उपदानकोष, कम्प्युटरकोष, अक्षयकोष,पुस्तकालय धरौटी कोष* आदिमा आवश्यकता अनुसार वर्गिकरण गरी संचालन गरिनेछ । आर्थिक कोष नजिकको स्थानीय बैंकमा खोलिनेछ । सोको संचालन क्याम्पस प्रमुख र संचालक समितिले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट संचालन हुनेछ । (२०७६ तेस्रो संशोधनद्वारा थप)

ख) क्याम्पस संचालन खातामा देहाय बमोजिम रकम रहनेछ ।

१) क्याम्पसका विद्यार्थीबाट उठेको सबै प्रकारको शुल्क ।

२) क्याम्पस संचालनका लागि भनी प्राप्त भएको दान दातव्य र अनूदान ।

३) प्रशासनिक कार्य संचालनका लागी भनी सापटी लिएको रकम ।

४) विभिन्न कोषको दाताहरु तथा लगानीबाट प्राप्त भएको रकम र सोको ब्याज ।

५) प्रचलित कानुन बमोजिम नेपाल सरकार ,प्रदेश सरकार , स्थानीय सरकार लगाएतका विभिन्न सम्वद्ध निकाय एवं संस्थाहरु बाट प्राप्त हुने अनुदान रकम।*

### २९. खरिद गर्ने नियमः

क्याम्पस संचालन तथा निमार्णका लागी आवश्यक पर्ने मालसमान खरिद गर्दा देहाय बमोजिमको प्रकृया अपनाई खरिद गर्नुपर्नेछ ।

क) रु. ५०,००० * सम्मका मालसामान क्याम्पस प्रमुखले खरिद गर्न सक्नेछन् ।

ख) रु. ५०,००१। * भन्दा माथि ९९९९९ (उनान्सय हजार नौ सय उनान्सय *) सम्मको मालसामान खरिद गर्नुपर्दा क्याम्पस प्रमुखले संचालक समितिका अध्यक्षसंग सहमती लिएर खरिद गर्न सक्नेछन् ।

ग) रु.१,००,००० -एक लाख * भन्दा बढी मूल्य पर्ने मालसामान खरिद गर्नु पर्दा सार्वजनिक खरिद ऐन अनुसार खरिद गरिनेछ।*

ङ) यसरी खरिद गरिएको मालसमानहरु रीतपुर्वक स्टोर दाखिला गरेर मात्र उपभोगमा ल्याउनु पर्नेछ ।*

### ३०. निर्माण सम्बन्धी नियमः

क) क्याम्पसमा नयाँ निमार्ण वा मर्मत गर्नुपर्ने भएमा रु. ५०,०००। * सम्मको निमार्ण वा मर्मत कार्य क्याम्पस प्रमुख आफैले गराउन सकनेछन् ।

ख) रु.१,००,००० (एक लाख *) सम्मको मर्मत वा निमार्ण कार्य गर्नु परेमा क्याम्पस प्रमुखले संचालक समितिका अध्यक्षको सहमती लिएर गर्न सक्नेछन् ।

ग) रु.१,००,०००। (एक लाख) * वा सो भन्दा माथि निर्माण कार्य गर्नु परेमा मान्यता प्राप्त प्राविधिकद्वारा डिजाइन तथा लगत स्टीमेट गराइ संचालक समितिबाट स्वीकृत गराई उपभोक्त समिति( निर्माण उपसमिति) गठन गरी वा * कम्तीमा १५ दिनको सुचनाद्वारा शिलटेण्डर माग गरी मान्यता प्राप्त ठेकेदारबाट निर्माण वा मर्मत गराउनु पर्दछ ।

* छैठौं संशोधन २०८१ द्वारा थप

घ) उक्त माग गरिएको शिलटेण्डर क्याम्पस प्रमुख, संचालक समितिको प्रतिनिधी वा भवन निर्माण समितिका प्रतिनिधीको रोहवरमा खोली समितिको सिफारिस बमोजिम क्याम्पस प्रमुखले टेण्डर स्वीकृत गरी काममा लगाउन सकनेछन् ।

ङ) माग गरिएको शिलटेण्डर रीतपुर्वक कम्तीमा ३ वटा सम्म परेको हुनुपर्दछ ।

च) शिलटेण्डर स्वीकृत गर्दा पार्टीको काम गर्न सक्ने क्षमता र ईमानदारीताको आधारमा स्टीमेटको कूल रकमको १० प्रतिशत सम्म बढी हुन आएमा पनि संचालन समिति वा भवन निर्माण समितिबाट अनुमोदन गराई काममा लगाउन सकिने छ ।

छ) माथि उल्लेख गरे बमोजिम शिलटेण्डर वा काटेशन दिने कबूल अंकको ५ प्रतिशत रकम धरौटी वापत टेण्डरको कोटेशन साथ पेश गर्नु पर्नेछ ।

ज) निर्माण सम्बन्धी उपदफा (क) देखी (५) सम्म जेसूकै लेखिएको भएतापनि शिलटेण्डर माग गर्न अनूपयूक्त ठानिएमा वा टेण्डर वा कोटेशन माग गर्दा कसैको पनि नपरेमा संचालक समिति वा भवन निर्माण समितिले अमानत वा कुल स्टीमेट अंकमा नबढ्ने गरी भरपर्दो पार्टी संग ठेक्का पट्टाको सम्झौता गरी काम लगाउन सक्नेछन् ।

झ) रु.१०००००।– ( एक लाख ) भन्दा माथिको निर्माण वा मर्मत कार्य सम्पन्न भैसकेपछि मान्यता प्राप्त प्राविधिकद्धारा अन्तिम जांचपास गराउनू पर्नेछ । ठेक्का पट्टाको भूक्तानी प्राविधिकद्धारा तयार गरिएको रनिङ्ग विल तथा अन्तिम विलको आधारमा गरिने छ ।

ञ) क्याम्पसको हितलाई ध्यानमा राखी लगत स्टीमेटमा ननाघ्ने गरी कूनै पनि निर्माण कार्य संचालक समितिले निर्माण समिति गठन गरी अमानतमा काम गराउन सक्नेछ । सो निर्माण कार्यका लागी निर्माण सम्बन्धी दफाको कुनै पनि उपदाफाले बाधा दिनेछैन् ।

ट) माथि जे सुकै लेखिएको भएता पनि सार्वजनिक खरिद ऐनलाई आधार मानी निर्माण सम्बन्धी कार्य गरिनेछ। *

* छैठौं संशोधन २०८१ *द्वारा थप*

उपकुलपतिको कार्यालय, योजना निर्देशनालय, कीर्तिपुर

**३१. चल अचल सम्पत्ती सम्बन्धि**

क) क्याम्पस सञ्चालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चल अचल सम्पत्ती नेपाल सरकार वा यस क्याम्पसलाई सम्बन्धन दिने (सार्वजनिक) विश्वविद्यालयको स्वामित्वमा जानेछ । (२०६५ दोस्रो संशोधनद्वारा थप)

**३२. लिलाम सम्बन्धी नियमः**

क) क्याम्पसका लागी नचाहिने वा सडीगली जाने संभावना देखिएको वा काममा ल्याउन नसकिने भएमा मालसमानहरु छुट्टाई ,सोको विवरण तयार गरी, बढीमा १५ दिनको सुचना निकाली लिलाम विक्री गर्न सकिने छ ।

ख) लिलाम बढाबढ गर्ने समितिमा क्याम्पस प्रमूख, लेखाप्रमूख र संचालक समितिका प्रतिनिधी रहनेछन् ।

ग) लिलाम बढाबढगर्दा सबै भन्दा ठुलो अंक स्वीकृत गर्ने वा उपयूक्त मुल्य प्राप्त नभएको कारणले बोल कबोल अस्वीकार गर्ने अधिकार उक्त समितिलाई हूनेछ ।

घ) लिलाम बढाबढ गर्दा कबूल गरेका कूल अंकको १० प्रतिशत रकम नगदै तूरुन्त बूझाउनू पर्नेछ ।

ङ) बोलकबोल स्वीकृत हूनेले आफूले जम्मा गरेको रकम कट्टा गरी बाकी रकम ७ दिन भित्र जम्मा गरी लिलाम भएको समान उठाई सक्नु पर्नेछ ।

च) तोकिएको समयभित्र रकम नबुझाएमा वा मालसमान नउठाएमा जम्मा भएको रकम फिर्ता गरिने छैन ।

छ) सडिगलि जाने सामाग्रीको विवरण तयार गरी बढिमा सात दिनको सार्वजनिक सुचना जारी गरी संचालक समितिको रोहवरमा नष्ट गरिने वा धुल्याइनेछ।

* छैठौं संशोधन २०८१ *द्वारा थप*

३३. लेखापरीक्षण सम्बन्धी नियमः

क) क्याम्पसले आफ्नो वर्षभरीको आम्दानी खर्च सम्बन्धि अभिलेखको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गराई सक्नु पर्दछ ।

ख) लेखापरीक्षकको पारिश्रमीक संचालक समितिले तोके बमोजिम हुनेछ । लेखापरीक्षकको नियूक्ती गर्दा सम्बन्धित क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारी वाहेक महालेखा परीक्षकबाट स्वीकृत प्राप्त एवं रजिस्टर्ड लेखापरीक्षकबाट मात्र गराइनेछ ।

ग) लेखापरीक्षण गर्दा लेखा परीक्षकले लेखा सम्बन्धी अभिलेख नियमित भए नभएको, उठेको रकम समयमै बैंक जम्मा भए नभएको, स्वीकृत बजेट शिर्षक बमोजिम खर्च भए नभएको, जस्ता कुरामा ध्यान दिनु पर्नेछ ।

घ) लेखापरीक्षकलाई लेखासम्वन्धि सम्पुर्ण अभिलेख र नीति–नियमहरु उपलब्ध गराउनु र प्रष्ट पार्नु क्याम्पस प्रमुख र लेखा प्रमुखको कर्तब्य हुनेछ ।

ङ) आर्थिक वर्ष श्रावण देखी आषाढ सम्म हुनेछ ।

३४. मान सम्मानः

क्याम्पसको आर्थिक ,भौतिक एवं शैक्षिक विकासको निम्ति महत्तवपुर्ण भुमिका खेल्ने महानुभावहरुलाई संचालक समितिको निर्णय अनुसार मान सम्मान गरिनेछ ।

## परिच्छेद -७

३५. विशेष क्याम्पस सभाः–

क्याम्पसले वार्षिक रुपमा आयोजना गर्ने क्याम्पस शभा भन्दा अगावै क्याम्पसको विशेष आवस्यकता पुर्ति गर्न कुनै नीतिगत निर्णय गर्नुपरेको खण्डमा वा क्याम्पसको हितकोलागि तत्काले कुनै कार्य गर्ने वा नगर्ने निर्णय गर्नु परेमा विशेष क्याम्पस शभा आयोजना गर्न सकिनेछ। विशेष क्याम्पस शभाको कार्यविधि नियमित क्याम्पस सभा जस्तै संचालक समितिले तोके वमोजिम हुनेछ ।

३६. विधान संशोधन : (२०७६ चौथो संशोधनद्वारा थप)

विधान संशोधनको लागि संचालक समितिले एक उप समिति गठन गर्ने सक्ने छ । उप समितिको सुझाव अनुसार संचालक समितिले संशोधन सहित पारित गर्नेछ । त्यसको अनुमोदन क्याम्पस सभाबाट हुनुपर्नेछ ।

३७. निष्क्रिय वा अमान्य हुने : (२०७६ चौथो संशोधनद्वारा थप)

यस विधानमा उल्लेख भएका कुनै कुरा प्रचलित ऐन कानुन **त्रि.वि.नियम, सम्बन्धन सम्बन्धि विनियममा उल्लेख गरिएका कुराहरुसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।**

३८. राजीनामा : (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पस सेवाबाट राजीनामा दिन चाहने क्याम्पस प्रमुखले संचालक समिति समक्ष, सहायक क्याम्पस प्रमुख, प्राध्यापक तथा अधिकृत स्तरको कर्मचारीले क्याम्पस प्रमुख मार्फत अध्यक्ष समक्ष र अन्य कर्मचारीले क्याम्पस प्रमुख समक्ष राजीनामा दिनुपर्नेछ । अधिकारवालाले राजीनामा स्वीकृत वा अस्वीकृत गर्न सक्नेछन ।

३९ . वाधा अडकाउ फुकाउने र नियम विनियम बनाउने अधिकार : (२०७६ चौथो संशोधनद्वारा थप)

यस विधानमा नपरेका वा कुनै नियम विनियमसंग बाझेको विषयमा वाधा अडकाउ फुकाउने अधिकार संचालक समितिमा रहनेछ । यस विधान अन्तरगत रही संचालक समितिले क्याम्पस संचालनका लागि आवश्यक नियम विनियम बनाउन सक्नेछ र सो नियम विनियमलाई क्याम्पस सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

४०. प्राध्यापक संघको गठन : (२०७६ चौथो संशोधनद्वारा थप) *

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको छाता संगठनको रुपमा एक प्राध्यापक संघ रहनेछ । प्राध्यापक संघको निर्वाचन प्रकृया सम्बन्धित प्राध्यापक संघको विनियमले तोके बमोजिम हुनेछ ।

* छैठौं संशोधन २०८१ द्वारा थप

**४१. कर्मचारी युनियनको गठन :** (२०७६ चौथो संशोधनद्वारा थप)

यस क्याम्पसमा कार्यरत कर्मचारीहरुको साझा संगठनको रुपमा नियमावलीमा व्यवस्था भए बमोजिम कर्मचारी युनियनको गठन गरिनेछ ।

**४२. विद्यार्थी गुणस्तर सर्कल सम्बन्धी व्यवस्था :** * छैठौं संशोधन २०८१ *द्वारा थप*

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको हक हितको संरक्षण गर्न ,क्याम्पसमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यार्थीका प्रतिभा प्रस्फुटनमा नेतृत्वदायी भुमिका खेल्न एउटा विद्यार्थी गुणस्तर सर्कल नामक संस्था रहनेछ। जसको गठन प्रक्रिया क्याम्पस संचालन कार्यविधि अनुसार हुनेछ। क्याम्पस संचालन कार्यविधि संचालक समितिले निर्माण गरी सभाबाट अनुमोदन गरी लागु हुनेछ। *

**४३. पुर्व विद्यार्थी संघको गठन** :* छैठौं संशोधन २०८१ *द्वारा थप*

क्याम्पसबाट अध्ययन समापन गरेका पुर्व विद्यार्थीहरुको साझा संस्थाको रुपमा पाल्ही ब.क्याम्पस पुर्व विद्यार्थी संघको विधान निर्माण गरी संघ गठन गर्न सकिनेछ। यसरी पुर्व विद्यार्थी संघ गठन गर्नको लागि आवस्यक विधान संचालक समितिले निर्माण गर्नेछ। *

**४४. क्याम्पसको छाप :**

क) क्याम्पसको छाप नेपाली तथा अंग्रेजीमा तपसिल बमोजिम हुनेछ ।

उपकुलपतिको कार्यालय
योजना निर्देशनालय, कीर्तिपुर